# परिचय

मेक्स बजार

१००० + दैनिक औसत कारोवार

२७ फ्यूचर्स, १३ स्पट र ३ भौतिक हस्तान्तरण हुने बस्तुको कारोवार ।

१२५ + ब्रोकर

८००० + ग्राहक

मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड (मेक्स नेपाल) नेपालको एक प्रमुख कमोडिटी एक्सचेन्ज हो । यसको स्थापना १४ अगस्ट, २००७ मा भई ५ जनवरि, २००९ बाट कारोबार सञ्चालनमा आएको हो । मेक्सले आफ्नो स्थापनाकालदेखि नै नेपाली बस्तुबजारको विकासका लागि निरन्तर प्रयास गरिरहेको छ । एक्सचेन्जको दैनिक काम-कारवाहि अनुभवी र योग्य समूहहरुले आफ्नो विषेशज्ञताको प्रयोग गरि त्रुटिबिहिन तरिकाले इमानदारिताका साथ आफ्नो जिम्मेवारी वहन गरिरहेका छन् । एक्सचेन्जले निम्न विषयमा विषेश ध्यान दिएको छ ।

- डेरिभेटिभ कारोबारका लागि परिक्षण गरिएको अनलाईन कारोबारस्थल (स्वचालित कारोबार प्रणाली)
- निष्पक्ष मूल्य आविष्कारको संयन्त्र
- मूल्यको पारदर्शिता
- सक्षम राफसाफ प्रणाली

## मेक्स नै किन ?


मेक्सले बजारको नेतृत्व गर्न सफल हुनुका प्रमुख कारणहरु :

### वस्तु तथा सेवामा नविनता

- नेपालमा पूर्ण रुपमा स्वचालित कारोबार प्रणाली र चौबिसै घण्टा कारोबार गराउने पहिलो एक्सचेन्ज ।
- परिष्कृत कारोबार स्थलको विकास गर्ने । कारोबारीले आफु अनुकुल उपलब्ध सुविधाको प्रयोग गर्न सक्ने । साथै नियमन निकायले निर्देशित गर्नसक्ने आवश्यक मापदण्डलाई मध्यनजर गरि विकास गरिएको स्वचालित कारोबार प्रणाली ।
- बजारमा अधिकतम तरलता प्रवाह गर्न नेपालमै पहिलो पटक बजार निर्मातालाई एक भिन्न एकाईको रुपमा प्रवेश गराउने एक्सचेन्ज ।
- अनलाईन मार्फत पैसा झिक्ने सुविधा प्रदान गर्ने नेपालको एक मात्र एक्सचेन्ज । यसले ग्राहकलाई केहि मिनेटमै पैसा झिक्न सहयोग गर्दछ ।
- संसारको तेस्रो तथा एसियाको पहिलो एक्सचेन्ज जसले आकस्मिक आवश्यकताको बखत अफलाईन सहायता उपलब्ध गराउँदछ ।
- स्थानीय स्तरमा उत्पादित वस्तुहरु जस्तै: अलैचि, आलु, अदुवाको भौतिक हस्तान्तरणको लागि व्यापक अनुसन्धान गरिरहेको एक्सचेन्ज ।

### उपलब्ध फ्यूचर्स वस्तुहरु

**बहुमूल्य धातु:**



सुन (१०००/५००/१००/१० ग्राम), चाँदी (३०/१०/५ के.जी. को साथै २५० ग्राम), प्यालाडियम (१ के.जी.) र प्लाटिनम (१ के.जी.)

**औद्योगिक धातु:**


तामा (१०००/५०० के.जी.)

**उर्जा:**



कच्चा तेल (२५०/५० ब्यारल), प्राकृतिक ग्यास (२५००/५०० एम.एम.बि.टि.यु.), ब्रेन्ट क्रुड (२५० ब्यारल) र हिटिङ आयल (१०,००० लिटरको करार)


**कृषि:**



कपास (५०००/२५०० के.जी.), मकै (१०,००० के.जी.), गहुँ (१०,००० के.जी.), कोका (२५ के.जी.), कफी (२५ के.जी.), भटमास (१०,००० के.जी.), भटमास तेल (१०,००० के.जी.), र चिनी (१०,००० के.जी.)

### उपलब्ध स्पट वस्तुहरु

**बहुमूल्य धातु:**




सुन (१००/१ ग्राम), चाँदी (५,००० र २५ ग्राम)

**औद्योगिक धातु:**


तामा (१०००/२५० ग्राम)

**उर्जा:**



कच्चा तेल (२००/५० अमेरिकी ब्यारल), प्राकृतिक ग्यास (२,०००/५०० एम.एम.बि.टि.यु.), ब्रेन्ट क्रुड (२५० अमेरिकी ब्यारल)

### उपलब्ध भौतिक हस्तान्तरण हुने वस्तुहरु



चाँदी: ग्रानुएल्स (२० के.जी.)
चाँदी: बार (१ के.जी.)
चाँदी: ग्रानुएल्स (१००० ग्राम, न्युनतम १०० ग्राम पनि खरिद गर्न सकिने)
सुन: सिक्का (१० ग्राम)



## परिस्कृत कारोबार प्रणाली



- अन्तराष्ट्रिय रुपमै मान्यता प्राप्त सि.एम.ई.(CME) र एम.सि.एक्स.(MCX) जस्तै विश्वकै उत्कृष्ट राफसाफ प्रणाली अवलम्बन गरेको एक्सचेन्ज । मेक्सले अवलम्बन गरेको नयाँ कारोबार प्रणाली विशुद्ध रुपमा आदेश मिलान प्रणाली (Pure Order Matching System) मा आधारित रहेको छ । मूल्य-समय प्राथमिकता (Price-Time Priority) को आधारमा बजारमा निरन्तर उपलब्ध मूल्यमा (quotes) राफसाफ गरिन्छ, जसले गर्दा कारोबार पूर्णरुपमा पारदर्शी रहेको हुन्छ ।
- कारोबार स्थल पूर्ण रुपमा ग्राहक अनुकुल बनाउन मिल्ने र स्थानीय स्तरमा वस्तुको भौतिक हस्तान्तरण गर्न सकिने खालको रहेको छ ।
- दैनिक रुपमा हजारौंको संख्यामा आदेश र कारोबारहरु व्यवस्थापन गर्न सक्ने क्षमता रहेको स्वचालित कारोबार प्रणली, जुन हालसम्मकै कारोबार भएको संख्या भन्दा पनि बढीको आदेश र कारोबार व्यवस्थापनको लागि सक्षम रहेको छ ।
- कारोबार स्थलको संचालन बिभिन्न उपकरणहरु एन्ड्रोइड (Android), आइ.ओ.एस. (iPhone/iPad), म्याक (Mac) र विन्डोज (Windows) बाट सञ्चालन गर्न सकिन्छ ।

## प्रभावकारी जोखिम व्यवस्थापन

- बजारमा धेरै संख्यामा बजार निर्माताहरु रहेका छन् । जोखिम न्यूनिकरणका लागि कुनै बजार निर्माताले आफ्नो खुला कारोवार कुनै पनि समयमा अर्को बजार निर्माताकोमा स्थानान्तरण गर्न सक्छन् । कुनै पनि बस्तुको कारोबारमा बजार निर्माताको अनुपस्थिति भएमा, बजारमा मुल्य प्रवाह गराउने अन्तिम दायित्व क्लियरिङ्ग हाउसको रहेको हुन्छ । प्रतिकूल बजार अवस्थामा बजार निर्माताले फराकिलो स्प्रेड (Spread) को माध्यमबाट पनि आफ्नो जोखिम नियन्त्रण गर्न सक्छन् ।
- सम्पूर्ण वित्तीय समायोजनहरु मार्क टु मार्केट (Mark To Market) मा गरिन्छन् । जसमा सबै अस्थिर नाफा/नोक्सानहरु समेत दैनिक रुपमा सम्बन्धित खातामा स्थानान्तरण गरिन्छ । नाफाको स्थितिमा ग्राहकले आफ्नो खुला कारोबार बन्द गर्नुपूर्व पनि नाफा उपयोग गर्न सक्छन् । साथै यसले बजार सहभागिहरुको तिर्नु पर्ने दायित्व अर्को कारोबार दिनमा स्थानान्तरण हुन दिँदैन । क्लियरिङ्ग बैंकले मार्क टु मार्केट (Mark To Market) गर्नको लागि क्लियरिङ्ग हाउसलाई सघाँउदछ ।
- कुनै पनि कारोबार प्रक्रियाको आवश्यक जानकारी हासिल गर्न, लिपिबद्ध गर्न र हेर्न सकिन्छ । सबै कारोबारलाई भविष्यमा उपलब्ध हुने किसिमले लिपिबद्ध गरिएको हुन्छ । जसले प्रभावकारी किसिमले कारोबारको अभिलेख सुनिश्चित गर्दछ ।
- सबै रकम हस्तान्तरण स्वचालित रुपमा गरिन्छ , जसले गर्दा कुनै पनि मानविय हस्तक्षेप र गल्तीहरुको सम्भावना रहदैन । यस कारणले सुरक्षित र सहि वित्तिय कारोबारको सुनिश्चितता रहन्छ ।
- सम्पत्ति शुद्धिकरण बिरुद्धको ऐनलाई पूर्णतया पालना गरिएको छ ।
- मेक्सले जोखिम व्यवस्थापनको लागि सेटलमेन्ट ग्यारेन्टि फन्ड (Settlement Guarantee Fund) को व्यवस्था गरेको छ ।

## बजार विकाशमा केन्द्रित

- क्लियरिङ्ग सदस्य र मार्केट मेकरहरुलाई आधार मूल्य छनौट गर्ने विकल्प उपलब्ध हुन्छ । बजारमा आउने आधारभूत तथ्याङ्कले गर्दा यी बजार सहभागीहरुले कुशलतापूर्वक जोखिम व्यवस्थापन योजना अङ्गिकार गर्न सक्छन् ।
- मेक्सले इच्छुक सहभागीहरुका साथै कलेजका विद्यार्थीहरुलाई लक्षित गरि SPACE (Strategic Participation in Commodities Education) नामक शिक्षामुलक कार्यक्रम संचालन गर्दै आईरहेको छ । इच्छुक सहभागीहरुका लागि मेक्सले प्रत्येक शुक्रबार निशुल्क प्रशिक्षण कार्यक्रम संचालन गर्दै आईरहेको छ ।
- मेक्सले बजार सहभागीहरुको सशक्तिकरण र सही निर्णय लिनको लागि आवश्यक सूचना प्रदान गर्न मद्दत गर्दछ ।
  १) पत्रपत्रिकामा निरन्तर रुपमा लेख-रचना प्रकाशित गरिरहेको छ ।
  २) वस्तुबजार, वस्तुबजार सम्बन्धि नीति, अन्य कुनै वस्तु सम्बन्धि विकासक्रम र यसले बजारमा पार्न सक्ने प्रभावलाई समेट्ने गरि ब्लग, बजार टिप्पणी, साप्ताहिक न्यूजलेटर, मेक्स एक्सप्रेस, ट्रेड अफ र वार्षिक पुस्तक प्रकाशन गर्दै आएको छ ।

## व्यवस्थापन र संचालक समितिको नेतृत्वदायि भूमिका

- मेक्सले आफ्नो व्यवस्थापन र संचालक समितिको नेतृत्वदायी भुमिकाको माध्यमबाट बजारमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ ।
- आफ्नो क्षेत्रको ज्ञान, व्यवसायिकता र शैक्षिक पृष्ठभुमि, निर्णय लिने क्षमता र नेतृत्वको प्रतिबद्धताले हामिलाई विशिष्ट बनाएको छ ।
- व्यवसायिकता हाम्रो पहिचान हो । पारदर्शिताको लागि हामी सम्झौता गर्दैनौं । परिस्कृत प्रविधिको प्रयोगको लागि हामी निरन्तर प्रयासरत रहन्छौं । किसानको हितका लागि बजारको व्यवसायिकरण हाम्रो लक्ष्य हो । जोखिमको व्यवस्थापनमा हामी बिषेश ध्यान दिन्छौं ।
- मेक्सका प्रमुख कार्यकारी अधिकृत साउथ एसियन फेडेरेसन अफ एक्सचेन्जको(सेफ)कार्यकारी सदस्यको रुपमा २०१५–१७ को लागि मनोनित हुनुभएको छ ।

## रणनीतिक सम्बन्ध

मेक्सको विभिन्न अन्तराष्ट्रिय एक्सचेन्ज, एशोसिएसन, संघ, करपोरेट, शैक्षिक संस्था तथा रिसर्च केन्द्रसँगको सम्बन्धनले गर्दा बजारको हितमा काम गर्न, कारोबार अभ्यासमा सुधार ल्याउन, जनचेतना फैलाउन, र सम्पूर्ण नेपाली कमोडिटी बजारको विकास गर्नमा सहयोग पुराउँदैको आएको छ ।

### राष्ट्रिय

| | |
|---|---|
| | नेपाल उद्योग बाणिज्य महासंघ (FNCCI) |
| | नेपाल चेम्बर अफ कमर्स (NCC) |
| | नेपाल व्यवस्थापन संघ (MAN) |
| | नेशनल बिजिनेस इनिसिएटिभ (NBI) |

### अन्तर्राष्ट्रिय

| | |
|---|---|
| | सि.एम.ई.ग्रुप (CME Group)-सूचना आदान-प्रदान सम्बन्धि सम्झौता (सिकागो, अमेरिका) |
| | साउथ एसियन फेडेरेसन अफ एक्सचेन्ज (SAFE) (इस्लामाबाद, पाकिस्तान) |
| | आई.एस.ओ. ९००१ : २००८ (ISO 9001:2008) |
| | एशोसिएसन अफ फ्यूचर्स मार्केट (AFM) (ब्यूनस आयर्स, अर्जेन्टिना) |
| | डन एन्ड ब्राडस्ट्रीट (Dun & Bradstreet) |
| | मर्कन्टाईल एक्सचेन्ज अफ बेलिजसंग समझदारी पत्रमा हस्ताक्षर |

## राम्रो र दिगो व्यवसाय

- निष्पक्ष रुपमा सम्झौता र मध्यस्तता गराई पारदशी ढङ्गले द्वन्द समाधान गर्ने व्यवस्था मेक्सले गरेको छ ।
- नैतिक व्यावसायको लागि प्रतिबद्ध र नियम-उपनियमको पालना गर्दै पारदर्शी रुपमा कारोबार गर्ने जवाफदेही एक्सचेन्ज बन्न पुगेको छ ।
- देशको प्रचलित कानुनमा रही अन्तराष्ट्रिय कमोडिटी बजारको मुल्य र मान्यतालाई आधार बनाई संचालित एक स्वंयम नियमित एक्सचेन्ज ।
- १२५ वर्ष पुरानो फ्यूचर्स मार्केटको अनुभव र अवधारणा अंगाल्दै काम गर्दै आएको एक्सचेन्ज ।

## सामाजिक तथा व्यापारिक मान्यताको लागि सहकार्य

- प्रतिष्ठित संघसंस्थाहरुद्वारा गरिएका अध्ययन अनुसार मूल्य जोखिम नियन्त्रण, मूल्य आविष्कार, स्पटको मूल्य उतारचढावमा न्यूनिकरण र सहि सूचना सम्प्रेषणमा मेक्सले महत्वपूर्ण भुमिका खेल्दै आएको छ ।
- मेक्स, यसका सदस्य तथा ग्राहकहरुले संयुक्त रुपमा ठुलो संख्यामा राजश्व तिरिरहेका छन् ।
- छोटो अवधिमा पनि मेक्सले ठूलो रोजगारी सृजना गर्न सफल भएको छ ।

## हाम्रो प्रगति विवरण

### मुख्य उपलब्धि

**२००७**

| | |
|---|---|
| १४ अगस्ट | कम्पनी ऐन २०६३ अनुसार मेक्स एक पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई सञ्चालन लाईसेन्स प्राप्त गऱ्यो । |

**२००८**

| | |
|---|---|
| १६ अक्टुबर | मेक्सले लक्ष्मी बैंकसँग सम्झौता गरेर नेपालमै पहिलो पटक सेग्रीगेट खाताको अवधारणाको थालनी गर्न सफल भयो । |

**२००९**

| | |
|---|---|
| ५ जनवरी | मेक्सले ११ वटा वस्तुहरुको साथ कारोबार सञ्चालन गऱ्यो । |
| २४ नोभेम्बर | मेक्सले बजारलाई शिक्षित गर्ने उद्देश्यले वस्तुबजारलाई असर गर्ने समाचारहरु समेटी साप्ताहिक न्यूजलेटर (NewsLetter) प्रकाशनमा ल्यायो । |

**२०१०**

| | |
|---|---|
| ३० अपिल | मेक्सले ग्राहकलाई अफलाईन सुविधा उपलब्ध गराउन सुरु गऱ्यो । यो सुविधा प्रदान गर्ने मेक्स नेपालको पहिलो एक्सचेन्ज हो । |

**२०११**

| | |
|---|---|
| १५ फरवरी | मेक्सले नेपालमै पहिलो पटक अनलाईन ग्राहक दर्ता सुविधाको थालनी गऱ्यो । |
| ११ नोभेम्बर | मेक्सले आफ्ना ग्राहकहरुका लागि व्यापार प्रमाणिकरणको सुविधा शुरु गऱ्यो । |

**२०१२**

| | |
|---|---|
| ६ जुलाई | मेक्सले पहिलो पटक ए.एक्स.वान ट्रेडर (AX1 Trader) को नमुना सार्बजनिक गऱ्यो । |

**२०१३**

| | |
|---|---|
| १ जुलाई | मेक्सले ए.एक्स.वान ट्रेडर (AX1 Trader) लाईभमा कारोबार शुरुवात गऱ्यो । |
| २१ जुलाई | मेक्सले नेपालमै पहिलो पटक आदेश मिलान प्रणाली (Pure Order Matching System) मा आधारित कारोबार प्रणालीको सुरुवात गऱ्यो । |
| २७ अगस्ट | मेक्स एफ.एन.सि.सि.आई (FNCCI) को अवार्ड फर नेस्नल एक्सिलेन्स - २०७० को दुई वटा विद्यामा उत्कृष्ट ५ मा पर्न सफल भयो । उक्त अवार्ड एपेक्स अवार्ड र सर्भिस एक्सिलेन्समा मध्यम श्रेणीमा रहेको थियो । |
| १६ सेप्टेम्बर | मेक्सले आईफोन/आईप्याड (iPhone/iPad) बाट कारोबार गर्न मिल्ने मेक्स नेपाल ट्रेडर एप सार्बजनिक गऱ्यो । |

**२०१४**

| | |
|---|---|
| ६ जनवरी | मेक्सले नेपालमै पहिलो पटक बजारमा थप तरलता प्रदान गर्नको लागि मार्केट मेकर सदश्यताको लागि बजारमा आह्वान गऱ्यो । मार्केट मेकरले उपलब्ध गराएको मुल्य मूल्य-समय प्राथमिकता (Price-Time Priority) को आधारमा बजारमा आदेश मिलान हुन्छ । |
| २८ मार्च | मेक्सले म्याक (MAC) मा ए.एक्स.वान (AX1) ट्रेडरलाई ल्यायो । जुन थुप्रै ग्राहकहरु बाट माग गरिएको थियो । |
| ५ जुन | मेक्सले पहिलोपल्ट भौतिक हस्तान्तरण गर्न मिल्ने वस्तु- 'डेलिभरि सिल्भर-DSILVER20KG' बजारमा ल्यायो । जुन नेपाली वस्तुबजारको बिकासमा एक महत्वपूर्ण उपलब्धि हो । |
| १ जुलाई | मेक्सले अर्को भौतिक हस्तान्तरण गर्न मिल्ने वस्तु – 'डेलिभरि सिल्भर-DSILVER1KG' बजारमा ल्यायो । |
| १ अगष्ट | वस्तु बजारको बारेमा लगानिकर्ताहरुलाई सशक्तिकरण तथा जानकारी गराउने उद्देश्यले मेक्सल नि:शुल्क परिक्षण कार्यक्रमको शुरुवात गऱ्यो । |
| २० डिसेम्बर | मेक्सले कलेजहरुलाई लक्षित गरी स्पेस (SPACE-Strategic Participation in Commodities Education) नामक नि:शुल्क परिक्षण कार्यक्रमको शुरुवात गऱ्यो । |

**२०१५**

| | |
|---|---|
| २३ फरवरी | मोवाइल कारोबारमा रहेको उच्च मागलाई मध्यनजर गर्दै मेक्सले आफ्नो कारोबार स्थल एन्ड्रोइड (Android) मा पनि सार्बजनिक गऱ्यो । |
| ८ जुन | मेक्सले अल्गो (Algo) र अन्य बिशेषता सहितको कारोबार स्थलको नयाँ संस्करण बजारमा ल्यायो । |
| ३१ अगष्ट | मेक्सले भौतिक हस्तान्तरण गर्न मिल्ने वस्तु- "डेलिभरि गोल्ड- DGOLD10GM" बजारमा ल्यायो । |

मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड
लगानी - व्यापार - कमाई
आइ.एस.ओ. ९००१:२००८ बाट मान्यता प्राप्त एक्सचेन्ज
घर नं: २५, शेष मार्ग, चारखाल, डिल्लिबजार, काठमाडौं, नेपाल ।
फोन: +९७७-१-४४२३५६६/७७/८८ । फ्याक्स: +९७७-१-४४१७८५४/५५
ईमेल: info@mexnepal.com । वेबसाईट: www.mexnepal.com